(११) करार अवधिको सुरूको पाच बर्षको अवधिमा विश्वविद्यालयले शिवालय परिसर खालि गर्नु पर्ने गरी शिवालयले विश्वविद्यालयलाइ कुनै आदेश वा सुचना दिने छैन् । साथै संगीत बिभागले पनि पाँच बर्ष सम्म छोडेर जाने छैन । करार अवधिको पाँच बर्ष पछाडि मात्र विश्वविद्यालय वा शिवालयले शिवालय परिसर छाड्न चाहेमा वा खालि गराउनु पर्ने भएमा एकले अर्कालाइ छाड्ने भनेको दिन वा खालि गराउन खोजेको दिन भन्दा तीन महिना अगावै एकले अर्कालाइ छाडने वा खालि गर्ने सुचना दिएर मात्र शिवालय परिशर छाडने वा खालि गराउन पाउनेछ । यसरी शिवालय परिसर छाडेको वा खालि गरेको दिनबाट यो करार सम्फौता समाप्त भएको मानिने छ ।

(१२) करार अवधिमा निर्माण गरेको संरचना घर इत्यादी सम्पत्ति करार अवधिको समाप्ति पछाडि शिवालयको हुनेछ । तर बिश्व बिद्यालयको चल सम्पति जस्तै फर्निचर तथा उपकरणहरू बिश्व बिद्यालयले लिएर जाने छ

(१३) बहाल अवधिमा शिवालयलाई संगित विभागबाट अन्य कुनैलाई पुन: बहाल लगाउन पाउने छैन् ।

(१४) संफौतामा कुनै शर्त परिवर्तन गर्न पर्ने भएमा दुवै पक्षको मंजुरी आवश्यक हुनेछ ।

(१५) हामी सम्फौतका पक्षहरूले यो सम्फौता पढी वाची हेरी हाम्रो खुसी राजी मंजुरीले तलका साक्षीहरूको रोहवरमा यो सम्फौतामा शिवालय परिसरमा बसि आजका दिनमा यसमा सहिछाप गरि यसको एक एक प्रति आपसमा लिए दिएका छौ ।

प्राध्यापक डा. भोला थापा
रजिष्ट्रार
काठमाडौ विश्वविद्यालय
धुलिखेल, काभ्रे
(काठमाडौ विश्वविद्यालय मार्फत)

१. मधुसुदन प्रसाद धौभडेल
२. गजेन्द्र प्रसाद धौभडेल
३. गोविन्द लाल धौभडेल
(हर्षनारायण धौभडेल शिवालय मार्फत)

साक्षीहरू :

१. लोचन रिजाल
२. रम्जु ह्यार्उमखा
३. Dr. Gert- Matthias Wegner

१. अनन्त प्रसाद धौभडेल
२. राघवेश्वर धौभडेल
३. शशिरञ्जन धौभडेल

लिखितम् भक्तपुर जिल्ला भक्तपुर नगरपालिका वडा नं. ११ स्थित हर्ष नारायण धौभडेल शिवालय (यस पछाडि "शिवालय" भनिएको) र काभ्रे जिल्ला धुलिखेल नगरपालिका वडा नं. ७ मा मुख्य कार्यालय भएको छुट्टै ऐन अन्तर्गत स्थापित काठमाण्डौ विश्वविद्यालय (यस पछाडि "विश्वविद्यालय" भनिएको) समेत दुवै पक्षहरूले यो संझौता गर्न सहमत भै आज फाल्गुण ३० गते २०७० साल शुक्रवारका दिनमा दुबै पक्षहरूले तल लेखिएका शर्त पालन गर्ने गरी यो संझौता गरेका छन्

(१) विश्वविद्यालयको अनुरोधमा शिवालयका संरक्षक धौभडेल परिवारले विश्वविद्यालयलाई भक्तपुर जिल्ला भक्तपुर नगरपालिका वडा नं. ११, चुपिंघाट स्थित हर्षनारायण धौभडेल शिवालयको सम्पत्ति वहालमा लिने दिने गरी २०५१ साल पौष १७ गते तदनुरूप इं.सं.१९९५ को प्रारम्भ देखि इं.सं. २०१४ को अन्त्य सम्म २० बर्षे अवधिको बहाल संझौता गरेकोमा आजसम्म संझौता बमोजिम परस्परको दायित्य सम्पन्न गरेकोमा पक्षहरूले एक अर्काप्रति आभार प्रकट गर्दै यो संझौतालाई २०७१ साल पौष १७ तदनुरूप इं.सं. १, जनवरी २०१५ देखि इं.सं. २०३५ सम्म अर्को २० बर्षे अवधिका लागि आवश्वक संशोधन सहित जारी राख्न आपसमा सहमत भएका छन ।

(२) वहाल लिएको चुपिंघाट वडा नं ११ को शिवालय सम्पतिमा शिवालयको मुख्य भवन, शिवालय मन्दिर, शिवालय भित्रका अन्य मन्दिरहरू, पाटी एवं ओतहरू र यो संगै जोडिएको पश्चिमको खुला जग्गा समेत गरी भ.न.पा. वडा नं. ११ को कित्ता नं. १०९ क्षेत्रफल ३ रोपनी १४ आना जगामा भएको घर मन्दिर पाटी ओत लगायतका संरचना एवं खालि जग्गा पर्दछ ।

(३) विश्वविद्यालय, संगीत विभागले परम्परा देखि चलाइ आएको चाँडपर्व मनाउन, गरि आएको पुजाआजा गर्न गराउन र धौभडेल परिवारका सदस्यलाइ शिवालय परिसर भित्र बिनारोकटोक प्रवेश गर्ने अधिकार हुनेछ । तर सो को लागि अग्रीम सूचना संगीत बिभागलाई दिनु पर्ने छ । साथै स्थानीय चाडपर्व र धार्मिक कार्यको लागि स्थानीय बासिन्दालाई आवश्यकता अनुसार प्रवेश गर्न दिनेछ ।

(४) शिवालय सम्पत्तिको रेखदेख, मर्मत संम्भार, संरक्षण र सुरक्षाको जिम्मेवारी विश्वविद्यालय, संगीत विभागको मात्र हुनेछ ।

(५) शिवालय परिसरभित्रको अष्टमात्रिका मन्दिरमा धौभडेल परिवार बाहेक अरूलाई प्रवेश गर्ने अधिकार हुनेछैन ।

(६) बहाल लिएको शिवालय परिसरमा संगीत विभागले बिनारोकटोक निर्वाध ढंगले संगीत विभागको काम एवं गतिविधि संचालन गर्नेछ । यस्तो काम एवं गतिविधिमा परम्परागत नेपाली संगीत अभिलेखन गर्ने, शिक्षणको लागि कक्षा संचालन गर्ने, अध्ययन अध्यापन गर्ने र सांगितिक भेला गर्ने गराउने र यस्तै अन्य काम एवं गतिविधि पर्नेछ ।

(७) संगीत विभागको काम एवं गतिविधि निर्वाध बिनारोकटोक सञ्चालनकालागि छरछिमेक र स्थानीय वासिन्दाको सहयोग लिनु आवश्यक भएमा त्यस्तो सहयोग जुटाइदिने कुरामा शिवालयका संरक्षकहरूले संगीत विभागलाई सहयोग गर्नेछन् ।

(८) शिवालय मन्दिर परिसरभित्र पक्षहरूको आपसि सहमतिबाट थप घर र अन्य आवश्यक संरचना निर्माण गर्न सकिने छ । शिवालयको तर्फबाट त्यस्तो निर्माणमा स्थानीय सरकारी एवं गैर सरकारी नीकायहरूबाट पुरा गरिनुपर्ने नक्सापास, विजुलीबत्ति, टेलिफोन लाइनलगायतका काम कारवाहीमा संगीत विभागलाइ सहयोग पुर्‍याउने छन् ।

(९) बीस बर्षको अवधिमा विश्वविद्यालयले देहाय अनुसार बहाल रकम शिवालयलाई उपलब्ध गराउने छ :

क) पहिलो पाँच बर्षको निम्ति प्रत्येक बर्षको बहाल रकम रू ३६०,००० (तीन लाख साठी हजार)

ख) दोस्रो पाँच बर्षको निम्ति प्रत्येक बर्षको बहाल रकम रू ५००,००० ( पाँच लाख)

ग) तेस्रो पाँच बर्षको निम्ति प्रत्येक बर्षको बहाल रकम रू ७५०,००० (सात लाख पचास हजार)

घ) चौथो पाँच बर्षको निम्ति प्रत्येक बर्षको बहाल रकम रू १०,००,००० (दश लाख)

(१०) बहाल सम्बन्धमा, प्रत्येक बर्षको भुक्तानी अग्रिम रूपमा विश्वविद्यालयले गर्नेछ ।